

आर्थिक वर्ष २०८३/०८४ को
बजेट वक्तव्य

जानकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८३

जानकी गाउँपालिकाको १८ औं गाउँसभामा

मिति २०८३ साल असार ५ गते शुक्रबार

गाउँपालिका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक

श्री लालमति देवी कठरियाज्यूले

प्रस्तुत गर्नु भएको

आर्थिक बर्ष २०८३/०८४ को

बजेट वक्तव्य

जानकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली

सुदूरपश्चिम प्रदेश,नेपाल

२०८३

बजेट वक्तव्य

१. जानकी गाउँपालिकाको १८ औं गाउँ सभा बैठकका सभाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँ सभाका सदस्यज्यूहरू, गाउँपालिकाका सम्पूर्ण कर्मचारीज्यूहरू, सञ्चारकर्मी मित्रज्यूहरू, सुरक्षाकर्मीज्यूहरू तथा उपस्थित सम्पुर्ण महानुभावहरूलाई मेरो व्यक्तिगत तथा गाउँपालिका परिवारको तर्फबाट हार्दिक अभिवादन सहित स्वागत गर्दछु ।

२. यस जानकी गाउँपालिकाको समग्र विकास, समृद्धि र जनकल्याणका लक्ष्यहरूलाई साकार पार्ने उद्देश्यले जानकी गाउँपालिकाको १८ औं गाउँ सभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउनु मेरो लागि अपार हर्ष, गौरव र उत्तरदायित्वको विषय हो ।

३. नेपालमा लोकतान्त्रिक शासन व्यवस्थाको स्थापनार्थ तथा नागरिक स्वतन्त्रता, लोकतान्त्रिक अधिकार, सामाजिक न्याय, उत्तरदायी शासन, सदाचार, नागरिक सम्मान र समुन्नत नेपालको पक्षमा उठेको परिवर्तनकामी युवा आन्दोलन लगायत विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै आन्दोलनमा आहत नागरिकहरु प्रति सहानुभुती व्यक्त गर्दछु ।

४. अब म नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता तथा राष्ट्रिय एकताको गहिरो सम्मान गर्दै, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मूल मर्म अनुरूप, समावेशी लोकतन्त्र, सुशासन, सामाजिक न्याय, तथा स्थायी शान्तिको आदर्शलाई आत्मसात गर्दै नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा प्रदत्त अधिकारको प्रयोग गर्दै—जनताको अपेक्षा, आवश्यकताको सम्बोधन र विकास–समृद्धिको मार्गचित्रका रूपमा निर्माण गरिएको जानकी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्न यस सम्मानीत गाउँ सभाबाट अनुमति प्रदान होस् भनी अनुरोध गर्दछु।

अब यस गरिमामय सभा समक्ष वार्षिक योजना तथा बजेट तर्जुमाका उद्देश्य र प्राथमिकताका क्षेत्रहरू प्रस्तुत गर्न चाहन्छु ।

५. बजेट तथा कार्यक्रमका उद्देश्यहरूः-

- ❖ कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण मार्फत समग्र उत्पादन वृद्धि गर्दै आर्थिक समृद्धिको बलियो आधार तयार गर्ने।
- ❖ पशुपन्छीपालनको व्यावसायिक विकास र बजार व्यवस्थापनलाई सुदृढ गरी कृषकहरूको मुख्य आयस्रोत बनाउने।
- ❖ कृषि, उद्योग, पर्यटन र सेवा क्षेत्रको उत्पादन प्रणालीमा सुधार गर्दै लक्षित वर्गका लागि दिगो रोजगारी र स्वरोजगारका अवसरहरू सिर्जना गर्ने।
- ❖ आधारभूत भौतिक पूर्वाधारहरूको गुणस्तरीय विकास र विस्तार मार्फत आर्थिक-सामाजिक रूपान्तरणमा सकारात्मक प्रभाव पार्ने।
- ❖ शिक्षा र स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखी सबै नागरिकका लागि गुणस्तरीय, सहज र सर्वसुलभ सेवा सुनिश्चित गर्ने।
- ❖ स्थानीय जातजाति, भाषा, संस्कृति, रैथाने सीप, कला र प्राकृतिक सम्पदाको संवर्द्धन गर्दै एक समृद्ध र सांस्कृतिक रूपमा सुदृढ गाउँपालिका निर्माण गर्ने।
- ❖ वातावरण संरक्षण एवं जलवायु परिवर्तन अनुकूलन सम्बन्धी नीतिहरूको सफल कार्यान्वयन मार्फत प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन गर्ने।
- ❖ कृषि र स्थानीय उद्योगहरूमा आधुनिक प्रविधि तथा नयाँ सोच (Innovation) लाई प्रवर्द्धन गरी उत्पादन क्षमता र बजारमा प्रतिस्पर्धात्मकता बढाउने।
- ❖ महिला, युवा तथा विपन्न वर्गको क्षमता विकास र नेतृत्व सुदृढ गर्दै विकासका हरेक अवसरहरूमा उनीहरूको सम्मानजनक पहुँच सुनिश्चित गर्ने।

६. बजेट तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरूः-

- ❖ सामाजिक विकासको प्रवर्द्धन,
- ❖ आर्थिक विकासको आधार सुदृढीकरण,
- ❖ पूर्वाधार विकासमा प्राथमिकता,
- ❖ सुशासन, पारदर्शिता र शासकीय सक्षमता,
- ❖ वातावरण संरक्षण तथा जलवायु सहनशीलता,
- ❖ मानव स्रोत विकास तथा सामाजिक सशक्तीकरण।

अब म आ.व. २०८३/०८४ का लागि प्रस्तुत हुने वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका प्रमुख चुनौतीहरू र सम्भावनाहरू प्रस्तुत गर्न चाहन्छु ।

७. बजेट तथा कार्यक्रमका प्रमुख चुनौतीहरूः-

- ❖ आन्तरिक आय संकलन क्षमता कमजोर तथा पर्याप्त बजेटको अभाव हुनु,
- ❖ संघ, प्रदेश र स्थानीय तह बीच प्रभावकारी समन्वय हुन नसक्नु,
- ❖ प्राकृतिक विपद्हरूले विकासका कार्यक्रमहरू प्रभावित हुनु,
- ❖ आयोजना कार्यान्वयनमा स्थानीय समुदायको सक्रिय सहभागिता नहुनु,
- ❖ नागरिक चेतना तथा डिजिटल साक्षरताको कमी हुनु ।

८. बजेट तथा कार्यक्रमका प्रमुख सम्भावनाहरूः-

- ❖ उपयुक्त जलवायु, कृषियोग्य जमिन, परम्परागत सीप तथा जनशक्तिको प्रयोगद्वारा कृषि तथा पशुपालन क्षेत्रमा उत्पादन वृद्धि गर्दै बजारीकरण गर्न सकिने सम्भावना उच्च रहेको छ।
- ❖ एकिकृत सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क तथा नयाँ करको पहिचानमार्फत राजश्वको क्षेत्र र दायरा विस्तारको सम्भावना देखिन्छ।
- ❖ स्थानीय धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थल, होमस्टे, जैविक कृषि तथा वन क्षेत्रको उपयोग गरी आन्तरिक तथा बाह्य पर्यटन विकास गर्न सकिने आधारहरू उपलब्ध रहेका छन् ।
- ❖ बजार, सेवा केन्द्र तथा आधारभूत पूर्वाधार विस्तारसँगै गाउँपालिकालाई शिक्षा, स्वास्थ्य तथा साना व्यापारीक केन्द्रको रूपमा विकास गर्न सकिने अवसर देखिन्छन् ।
- ❖ संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, सहकारी तथा अन्य साझेदार संस्थाहरूसँग लागत साझेदारीमार्फत ठूला आयोजना कार्यान्वयन गर्न सकिने सम्भावना छ ।
- ❖ स्थानीय कच्चा पदार्थ, जनशक्ति, बजार पहुँच लाई आधार मानेर लघु तथा घरेलु उद्योग, कृषिजन्य उद्योग तथा सेवा उद्योग विकास मार्फत स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।
- ❖ डिजिटल प्रणाली, MIS, ई-सेवा, स्मार्ट कार्यालय प्रणाली लगायत प्रविधिको प्रयोगबाट सेवा प्रवाह र प्रशासनिक दक्षता बढाउन सकिने सम्भावना देखिन्छ ।

- ❖ जनप्रतिनिधि, सरोकारवाला र नागरिक समाजको सक्रिय सहभागिताले योजना छनोट, कार्यान्वयन र अनुगमनमा पारदर्शिता र स्वामित्व बढाउन सकिने देखिन्छ ।

९. सिमित स्रोत साधन र असीमित जनअपेक्षा एवं आकांक्षाबीचको स्पष्ट अन्तरलाई हामीले आत्मसात् गर्नुपर्दछ। एकातर्फ स्रोतको न्यूनताका कारण हामीले चाहेजस्तो मात्रामा विकासका क्षेत्रमा लगानी गर्न सकिरहेका छैनौं भने, अर्कातर्फ हरेक नागरिकको अधिकारको प्रत्याभूति गराउँदै समावेशी र सन्तुलित विकासमा पनि ध्यान पुऱ्याउनु पर्ने चुनौती छ।

यस बजेट तर्जुमा गर्दा नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक तथा विशेष अनुदान, साथै राजस्व बाँडफाँटबाट प्राप्त हुने आम्दानी र गाउँपालिकाको आन्तरिक स्रोत परिचालनबाट हुने आम्दानीलाई आधार मानिएको छ।

गाउँसभाका सभाध्यक्षज्यूबाट प्रस्तुत कार्यक्रम तथा बजेटलाई आधार मानी—स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्दै सेवा प्रवाहमा सुधार, उत्पादनशील क्षेत्रको विस्तार, रोजगारी सृजना र आम नागरिकको जीवनस्तर उकास्न सक्ने कार्यक्रमहरूमा बजेट केन्द्रित गरिएका छौ ।

यसरी, स्रोतको यथार्थतासँग मेल खाने, समावेशी, सन्तुलित र प्राथमिकतामा आधारित विकासलाई सुनिश्चित गर्ने उद्देश्यसहित आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिएका छौ ।

आदरणीय सभाध्यक्ष महोदय,

एवं सभा सदस्यज्यूहरू,

अब म चालु आ.व. २०८२/०८३ मा यस गाउँपालिकाको आय व्ययको संशोधित अनुमान तथा सम्पादित महत्वपूर्ण कार्यहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

१०. **चालु आ.व. २०८२/०८३ को संशोधित आय अनुमानः-**

चालु आ.व. २०८२/०८३ मा शुरू आय अनुमान रू.९१ करोड ३७ लाख ७ हजार रहेकोमा संशोधित आय अनुमान पनि रू.९१ करोड ३७ लाख ७ हजार नै रहेको छ । यसमा गत वर्षको बाँकी मौज्दात सहित आन्तरिक आय तर्फ रू. ६ करोड ८७ लाख ५ हजार ५ सय ५७ रूपैया, संघीय समानीकरण अनुदान तर्फ रू.१३ करोड ८५ लाख, संघीय सशर्त अनुदान तर्फ रू.४६

करोड ३ लाख, संघीय विशेष अनुदान तर्फ रु.९२ लाख, संघीय समपुरक अनुदान तर्फ रु.३ करोड ३३ लाख, संघीय राजश्व बाँडफाँटबाट प्राप्त हुने आय तर्फ रू.१२ करोड ३९ लाख ८१ हजार ४ सय ४३ रूपैया, प्रदेश समानीकरण अनुदान तर्फ रू.१ करोड ३३ लाख २५ हजार, प्रदेश सशर्त अनुदान तर्फ रू.३ करोड २० लाख, प्रदेश विशेष अनुदान तर्फ रू.७५ लाख, प्रदेश समपुरक अनुदान तर्फ रू.४५ लाख, प्रदेश राजश्व बाँडफाँटबाट प्राप्त हुने आय तर्फ रू.२ करोड २३ लाख ९५ हजार संशोधित आय अनुमान रहेको छ।

स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरूमा कार्यरत स्थायी स्वास्थ्यकर्मीहरूका लागि स्वीकृत दरबन्दी अनुसारको तलब, महँगी भत्ता तथा पोशाक भत्ता भुक्तानी गर्नका लागि बजेट अपुग भई रु. १ करोड ८२ लाख ५ हजार ८ सय ३५ रूपैया र मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकम समेत अपुग भई रु.३० लाख थप बजेट माग गरिएकोले आ.व. २०८२/०८३ को कुल आय वृद्धि हुने अनुमान गरिएको छ । त्यसै गरी माग गरिएको अपुग बजेट निकासा प्राप्त हुनासाथ स्थायी स्वास्थ्यकर्मीहरूका तलब, भत्ता र मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च यथाशिघ्र वितरणको व्यवस्था मिलाईने छ ।

त्यसै गरी, एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सेवा प्रणाली मार्फत भुक्तानी हुने गरी सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम तर्फ रु. १९ करोड ८१ लाख १२ हजारको शुरू अख्तियारी प्राप्त भएकोमा लाभग्राहीको संख्यामा वृद्धि भएकोले विनियोजित बजेट अपुग भई रु.१ करोड ७५ लाख थप बजेट माग गरिएकोले शुरू अख्तियारी रकम वृद्धि हुने देखिन्छ भने अपुग बजेट प्राप्त हुनासाथ चालु आ.व.को अन्तिम त्रैमासिक सामाजिक सुरक्षा भत्ता यथाशिघ्र वितरणको व्यवस्था मिलाईने छ ।

त्यस्तै, गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिव लक्षित विशेष कार्यक्रम) का लागि रु.७ लाख ६३ हजार थप अख्तियारी प्राप्त भएकोमा उक्त कार्यक्रम कार्यान्वयन भई सम्पन्न हुने चरणमा रहेको छ, जसले गरिब तथा विपन्न घरपरिवारको वस्तुगत

पहिचान, परिचयपत्र वितरण तथा लक्षित वर्गको सरकारी सेवा, सुविधा एवं गरिबी न्यूनीकरणका कार्यक्रमहरूमा पहुँच अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

११. चालु आ.व. २०८२/०८३ को संशोधित व्यय अनुमान:-

चालु आ.व. २०८२/०८३ मा शुरू व्यय अनुमान रू.९१ करोड ३७ लाख ७ हजार रहेकोमा संशोधित व्यय अनुमान समेत रू.९१ करोड ३७ लाख ७ हजार नै रहेको छ । यसमा संशोधित चालु खर्च तर्फ रू.४५ करोड ८६ लाख ३३ हजार अनुमान रहेको छ भने संशोधित पुँजीगत खर्च तर्फ रू.४५ करोड ५० लाख ७४ हजार अनुमान रहेको छ । हालसम्मको वित्तीय प्रगती ५७ दशमलव ५ प्रतिशत रहेको छ ।

त्यसै गरी सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम तर्फ चालु आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिकसम्म सामाजिक सुरक्षा भत्ता वितरणमा रू.१५ करोड ९९ लाख ७५ हजार ४ सय ४३ रूपैया खर्च भएको छ ।

१२. चालु आ.व. २०८२/०८३ मा प्राप्त मुख्य उपलब्धीहरू:-

- चालु आर्थिक वर्षमा गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य निर्माणाधीन अवस्थामा रहेको छ। यसैगरी ५ हजार ५ सय मिटर सडक कालोपत्रे, बालज्योति माध्यमिक विद्यालयको भवन निर्माण, विपन्न नागरिकका लागि १८ वटा नमुना आवास निर्माणाधिन, दुर्गौली बजारमा स्मार्ट स्ट्रीट लाइट जडान, महाप्रस्थान यान खरिद सम्पन्न भएका छन्। साथै, विश्व बैंकको ऋण सहयोग तथा संघीय, प्रदेश र स्थानीय सरकारको लागत साझेदारीमा पालिकाका ९ वटै वडामा सञ्चालन हुने १० वटा खानेपानी आयोजनाको ठेक्का सम्झौता सम्पन्न भई निर्माणाधीन चरणमा रहेका छन्। यी पूर्वाधार तथा सेवा प्रवर्द्धनसम्बन्धी कार्यक्रमहरू सम्पन्न भएसँगै नागरिकलाई गुणस्तरीय सेवा प्रवाह, सुरक्षित खानेपानी, सहज आवागमन, शैक्षिक पूर्वाधारको सुदृढीकरण, आधुनिक कृषि सेवाको विस्तार तथा समग्र जीवनस्तरमा सकारात्मक परिवर्तन आउने अपेक्षा गरिएको छ।

- बालमैत्री स्थानीय शासन (CFLG) अभियान कार्यक्रम अन्तर्गत पालिकालाई २०८३ माघ मसान्तभित्र बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्नका लागि तदारूकताका साथ कार्यक्रम संचालनमा रहेका ।
- चालु आर्थिक वर्षमा आकस्मिक बाली संरक्षण सेवा अन्तर्गत प्रत्यक्ष बाली निरीक्षण मार्फत ६५८ जना कृषक लाभान्वित भएका छन्। उत्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत २७५ जना कृषकको गहुँ कटानी सम्पन्न गरिएको, ६,०२५ वटा तरकारीका बेर्ना उत्पादन गरिएको, ३ वटा विद्यालयमा विद्यालय करेसाबारी सञ्चालन गरिएको, ३७ जनालाई मिनी टिलर वितरण गरिएको तथा ९ वटै वडामा प्लान्ट क्लिनिक सञ्चालन गरी ७०७ जना कृषकको बाली परीक्षण सम्पन्न गरिएको छ। साथै, ४४० जना कृषकलाई धानतथा गहुँको बीउ वितरण गरी कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षामा टेवा पुऱ्याइएको छ।
- पशु सेवा तर्फ १४ हजार ६० पशुपन्छीलाई उपचार सेवा, ५ सय ११ पशु बन्ध्याकरण, गर्भाधान सेवामा कृत्रिम गर्भाधान सेवा ७८ र प्राकृतिक गर्भाधारण सेवा ३ सय ४६, गर्भ परिक्षण १६, प्रयोगशाला सेवा ६६, खोप सेवा ८ हजार १ सय ९६, फर्म दर्ता ३, सिफारिस सेवा २८ रहेको छ ।
- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत जनकल्याण आधारभूत विद्यालय भवन निर्माण, ८ वटा बाटो निर्माण तथा मर्मत आयोजना र ८ वटा कुलो सिंचाइ आयोजना सञ्चालन गरिएका साथै, १५ जनालाई वैदेशिक रोजगार सहायता सहजीकरण, ७२ जनालाई पुनः श्रम स्वीकृति सेवा, ४७ जनालाई न्यूनतम रोजगारी तथा वैदेशिक रोजगारीबाट फर्केका १८ जनालाई ७ दिने उद्यमशीलता तालिम प्रदान गरिएको छ।
- चालु आर्थिक वर्षमा न्यायिक समितिमा जम्मा १९ वटा विवाद दर्ता भएकामध्ये ३ वटा मिलापत्र भएका, ९ वटा कैलाली जिल्ला अदालतमा सिफारिस भएका, १ वटा मागदाबी फिर्ता भएको, १ वटा खारेज भएको तथा ५ वटा मुद्दा हाल प्रक्रियामा रहेका। हालसम्म ३९ वटा ऐन, ५ वटा नियमावली, ४४ वटा कार्यविधि, ५ वटा निर्देशिका, ३ वटा मापदण्ड, २ वटा आचारसंहिता, १ वटा मार्गदर्शन तथा १ वटा नीति तर्जुमा एवं कार्यान्वयनमा ल्याइएको छ।

आदरणीय सभाध्यक्ष महोदय,

एवं सभा सदस्यज्यूहरू,

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को बिषय क्षेत्रगत कुल बजेट विनियोजनको विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१३. आगामी आ.व. २०८३/०८४ को बजेट विनियोजनः-

- गाउँपालिका तर्फ रु.३४ करोड ९० लाख ७५ हजार विनियोजन गरेकी छु । जसमध्ये चालु खर्च तर्फ रु.१९ करोड ७१ लाख ५० हजार र पुँजीगत खर्च तर्फ रु.१५ करोड १९ लाख २५ हजार रहेको छ ।
- बिषयगत शाखा तर्फ रु. ६३ लाख ९५ हजार विनियोजन गरेकी छु ।
- वडा तर्फ रु. ३ करोड १५ लाख विनियोजन गरेकी छु ।
- संघीय सरकार र प्रदेश सरकार शसर्त अनुदान तर्फका कार्यक्रमहरूमा रु.६३ करोड ७६ लाख रहेको छ ।
- संघीय सरकार र प्रदेश सरकार विशेष अनुदान तर्फका कार्यक्रमहरूमा रु.१ करोड ५२ लाख ५० हजार रहेको छ ।
- संघीय सरकार र प्रदेश सरकार समपुरक अनुदान तर्फका कार्यक्रममा रु. १ करोड ४६ लाख १५ हजार रहेको छ ।

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रमुख बिषय क्षेत्रगत कार्यक्रमहरू तथा व्यय अनुमानको विवरण पेश गर्न अनुमति चाहन्छु ।

१४. आगामी आ.व. २०८३/०८४ का प्रमुख बिषय क्षेत्रगत कार्यक्रमहरू तथा व्यय अनुमानः-

आर्थिक विकास क्षेत्रः-

- उत्पादनमा आधारित प्रोत्साहन अनुदानको प्रवन्ध मिलाउन तेलहन बालीको उत्पादनमा आधारित अनुदान कार्यक्रमका लागि रु. ५ लाख विनियोजन गरेकी छु ।
- पालिकामा कृषी उत्पादन मार्फत खाद्यान्न आपूर्ति व्यवस्थापन गर्दै खाद्यान्नमा आत्म निर्भर बनाउन मसिना धान उत्पादन तथा प्रवर्द्धनका लागी रु. १० लाख र केरा पकेट विकास कार्यक्रमका लागी रु. ८ लाख विनियोजन गरेकी छु ।

- सामुदायिक छाडा पशु चौपाया व्यवस्थापनका लागि सरोकारवालासँग समन्वय तथा सहकार्य गरी बास स्थान, औषधी उपचार, खोप, आहारा तथा खानेपानीको उचित व्यवस्था कार्यका लागि रु.५ लाख विनियोजन गरेकी छु ।
- रोग लागे पश्चात उपचार गर्नु भन्दा रोग लाग्न नदिनका लागि व्यापक रूपमा खोप कार्यक्रमलाई निरन्तरता दिईनुका साथै सामुदायिक छाडा तथा घर पालुवा कुकुरलाई रेबिज विरुद्धको खोप कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेकी छु तथा पशुमा लाग्ने घातक रोग नियन्त्रण गर्न औषधी खरिद तथा वितरणका लागि रु. २ लाख ७५ हजार विनियोजन गरेकी छु ।
- सहकारी विकास एवं प्रवर्द्धनात्मक विविध कार्यक्रमहरु सञ्चालन गर्नका लागि रु. २ लाख विनियोजन गरेकी छु ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्नका लागि शसर्त अनुदानबाट रु.१२ लाख विनियोजन भएको छ ।

सामाजिक विकास क्षेत्र

- गाउँपालिकाको नीति अनुसार बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्न कार्यक्रम संचालनका लागी रु. १५ लाख २६ हजार विनियोजन गरेकी छु ।
- सामुदायिक विद्यालयमा कार्यरत नीजी स्रोत शिक्षक, प्रारम्भिक बाल विकास तथा विद्यालय कर्मचारीको थप पारिश्रमिक अनुदानका लागि रु. १ करोड ६८ लाख विनियोजन गरेकी छु ।
- सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्तिका लागि रु. १७ लाख ८८ हजार विनियोजन प्राप्त भएको छ ।
- विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालनका लागि रु. ९५ लाख ११ हजार विनियोजन प्राप्त भएको छ ।
- विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरणका लागि रु. ३९ लाख ३९ हजार विनियोजन प्राप्त भएको छ ।

- दलित तथा सिमान्तकृत समुदायका युवायुवतीहरूका लागि आधारभुत कम्प्युटर तालिम संचालन गर्न रु.२ लाख विनियोजन गरेकी छु ।
- विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानका लागि रु. ६३ लाख ८० हजार विनियोजन प्राप्त भएको छ ।
- सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि रु. १६ लाख २१ हजार विनियोजन प्राप्त भएको छ।
- स्वास्थ्य सेवा, सामाजिक सुरक्षा तथा मानव कल्याण प्रवर्द्धनका लागि यस वर्ष विभिन्न प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिने छ। मृगौला प्रत्यारोपण, डायलाइसिस, क्यान्सर तथा मेरुदण्ड पक्षघात भएका बिरामीहरूलाई मासिक रु. ५ हजारका दरले औषधोपचार खर्च उपलब्ध गराउने कार्यक्रम अन्तर्गत रु. १२ लाख ४० हजार विनियोजन प्राप्त भएको छ।
- "म स्वास्थ्य, मेरो सामुदाय स्वास्थ्य" नारासहित घर–टोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमका लागि रु. ४ लाख ६० हजार, रक्तजन्य रोगजस्तै सिकलसेल, थालासिमिया रोगसम्बन्धी सचेतना कार्यक्रमका लागि रु. १ लाख विनियोजन प्राप्त भएको छ।
- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूको मनोबल अभिवृद्धि, स्वास्थ्य सेवामा उनीहरूको योगदानको कदर तथा समुदायस्तरमा मातृ तथा शिशु स्वास्थ्य सेवाको प्रभावकारी प्रवाह सुनिश्चित गर्न महिला स्वयंसेविका प्रोत्साहन कार्यक्रमका लागि रु. ३ लाख विनियोजन गरेकी छु।
- खोप कार्यक्रम, गाउँघर क्लिनिक, मासिक बैठक सञ्चालन, यातायात खर्च तथा आमा समूह बैठकका लागि आवश्यक खाजा खर्च व्यवस्थापन गर्न सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाका लागि रु. १२ लाख विनियोजन गरेकी छु। यसबाट आधारभूत स्वास्थ्य सेवाको पहुँच, मातृ तथा शिशु स्वास्थ्य प्रवर्द्धन तथा समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

- लामो समयदेखि स्वास्थ्य सेवामा योगदान पुऱ्याउँदै आउनुभएका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूको योगदानको सम्मान गर्दै सम्मानजनक विदाइ कार्यक्रम सञ्चालनका लागि रु. २ लाख ५० हजार विनियोजन गरेकी छु।
- प्रजनन स्वास्थ्य सेवा, परिवार नियोजन, किशोरकिशोरी स्वास्थ्य, पोषण, मातृ तथा नवशिशु कार्यक्रम, सुरक्षित मातृत्व सेवा, निशुल्क गर्भपतन सेवा, नियमित खोप सुदृढीकरण, विद्यालय केन्द्रित खोप अभियान तथा CBIMNCI कार्यक्रम सञ्चालनका लागि झन्डै रु. ३९ लाख विनियोजन प्राप्त भएको छ।
- नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनका लागि रु. २ लाख, आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि खरिदका लागि रु.५ लाख १६ हजार विनियोजन गरेकी छु।
- राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम अन्तर्गत पोसाक प्रोत्साहन तथा यातायात खर्चका लागि रु. ३१ लाख विनियोजन प्राप्त भएको छ।
- सामाजिक सुरक्षा तथा रोजगारी प्रवर्द्धनका लागि रोजगार सेवा केन्द्र मार्फत सुरक्षित वैदेशिक रोजगारी अभिमुखीकरण, वित्तीय साक्षरता कार्यक्रम, तथा मनोसामाजिक परामर्श सेवाका लागि जनशक्ति व्यवस्थापन, भ्रमण भत्ता तथा सञ्चार खर्च लगायत गरी झन्डै रु. ९ लाख विनियोजन प्राप्त भएको छ।
- स्थानीय कला, संस्कृति, परम्परा तथा समुदायको मौलिक पहिचानको संरक्षण, प्रवर्द्धन र भावी पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले संस्कृति झल्किने मूर्ति निर्माण कार्यक्रमका लागि रु. ५ लाख विनियोजन गरेकी छु। उक्त कार्यक्रमबाट स्थानीय सांस्कृतिक सम्पदाको संरक्षण, पर्यटन प्रवर्द्धन, समुदायमा सांस्कृतिक गौरवको अभिवृद्धि तथा स्थानीय पहिचानलाई थप सशक्त बनाउन महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

पुर्वाधार विकास क्षेत्र

- गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि कुल रु.६ करोड ५० विनियोजन गरी निरन्तरता दिएकी छु। उक्त बजेटबाट गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यलाई निर्धारित समयभित्र सम्पन्न गर्न जोड गरिनेछ । भवन निर्माण सम्पन्न भएपछि गाउँपालिकाका सम्पूर्ण प्रशासनिक सेवा एकीकृत रूपमा सञ्चालन हुन गई सेवा

प्रवाहलाई थप प्रभावकारी, व्यवस्थित, पारदर्शी र नागरिकमैत्री बनाउन सहज हुने अपेक्षा गरिएको छ।

- नयाँ लायकपुर–जगतपुर–मुर्तिया–कटासे हाइड्रोपावर हुँदै पूर्व पश्चिम राजमार्ग जोड्ने सडक कालोपत्रेका लागि रु.१ करोड ५० लाख विनियोजन गरी निरन्तरता दिएकी छु ।
- खैरिपुर-भोक्सी सडक कालोपत्रेका लागि रु. ५० लाख विनियोजन गरी निरन्तरता दिएकी छु ।
- टिकापुर डुडेझारी -जनता आ.वि. हुँदै बक्लौहवा जोड्ने सडक कालोपत्रेका लागि रु. २८ लाख विनियोजन गरी निरन्तरता दिएकी छु ।
- अति विपन्न तथा सिमान्तकृत समुदायका लागि सञ्चालन हुँदै आएको नमुना आवास कार्यक्रमलाई निरन्तरता दिन रु. ४५ लाख विनियोजन गरेकी छु। साथै, थप लक्षित परिवारलाई सुरक्षित र सम्मानजनक आवासको पहुँच सुनिश्चित गर्न नयाँ नमुना आवास निर्माण कार्यक्रमका लागि रु. ८६ लाख विनियोजन प्रात्प भएको छ । यस कार्यक्रमबाट विपन्न तथा सिमान्तकृत समुदायको जीवनस्तरमा सुधार, सुरक्षित आवासको सुनिश्चितता तथा सामाजिक समावेशीकरणमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।
- दुर्गौली-बेलासपुर-मुनुवा जोड्ने सडक कालोपत्रेमा सङ्घीय सरकार समपुरक अनुदान लागत साझेदारीमा रु १ करोड २० लाख विनियोजन गरेकी छु।
- करुणा स्कुल हुँदै - नेहा मेडिकल सडक कालोपत्रे र कालिका एस के कटेज देखि ५ नं. वडा जोड्ने सडक कालोपत्रेमा प्रदेश सरकार समपुरक अनुदान लागत साझेदारीमा रु.१ करोड ७२ लाख ३० हजार विनियोजन गरेकी छु।
- खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम अन्तर्गत जानकीनगर खानेपानी आयोजना, दुर्गौली खानेपानी आयोजना, मुनुवा खानेपानी आयोजना, मोतीनगर, पथरैया हजारी र अरुणोदय प्याकेज, सुबर्णपुर, जगतपुर, अमौरा अमौरी र धर्मापुर प्याकेजको लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको लागत साझेदारी हुने गरी रु. ४८ करोड ३० लाख विनियोजन गरेकी छु । उक्त बजेटबाट खानेपानी आयोजनाहरूको निर्माण तथा विस्तार कार्यलाई तीव्रता दिई नागरिकलाई सुरक्षित, स्वच्छ र शुद्ध

खानेपानीको पहुँच सुनिश्चित गरिनेछ। यस कार्यक्रमबाट खानेपानीजन्य रोग न्यूनीकरण, जनस्वास्थ्यमा सुधार, जीवनस्तर उकास्ने तथा दिगो र गुणस्तरीय खानेपानी सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

- ❖ थारू समुदायको मौलिक कला, संस्कृति, परम्परा तथा पहिचानको संरक्षण, प्रवर्द्धन र पर्यटन विकासलाई टेवा पुऱ्याउने उद्देश्यले थारू लोककलाको हब निर्माण तथा होमस्टे सञ्चालनसँग सम्बन्धित विभिन्न आयोजनाका लागि रु. ५५ लाख २० हजार विनियोजन गरेकी छु। उक्त कार्यक्रमबाट थारू सांस्कृतिक सम्पदाको संरक्षण, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन, स्थानीय रोजगारी सिर्जना, आयआर्जनमा वृद्धि तथा समुदायमा आधारित दिगो पर्यटन विकासमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।
- ❖ निजी क्षेत्रसँग साझेदारी कार्यक्रम मार्फत स्थानीय उद्यमशीलता प्रवर्द्धन, लगानी अभिवृद्धि, सीप तथा प्रविधि हस्तान्तरण र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्न रु. १४ लाख विनियोजन गरेकी छु। उक्त कार्यक्रमबाट निजी क्षेत्र र स्थानीय सरकारबीच सहकार्य तथा साझेदारी सुदृढ भई उत्पादनशील क्षेत्रमा लगानी वृद्धि, आर्थिक गतिविधिको विस्तार तथा स्थानीय आर्थिक विकासमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।

वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रः-

- ❖ वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी आयोजना तथा कार्यक्रम संचालनका लागि रु. २ लाख ९५ हजार विनियोजन गरेकी छु ।

संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रः-

- ❖ गाउँपालिका जनप्रतिनिधिहरूको दुर्घटना बीमाको व्यवस्था मिलाईने छ । यसका लागि रु.६ लाख विनियोजन गरेकी छु ।
- ❖ प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरूसँग कार्यसम्पादन सम्झौता (Performance Contract) गरी नतिजामुखी, उत्तरदायी र प्रभावकारी प्रशासनिक प्रणालीको विकास गरिनेछ। उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई प्रोत्साहन गर्न कर्मचारी सम्मान कार्यक्रम सञ्चालनका लागि रु. २ लाख विनियोजन गरेकी छु।

- ❖ सुशासन, पारदर्शिता, जवाफदेहिता तथा नागरिक सहभागिता प्रवर्द्धन गर्न सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु। यसबाट सेवा प्रवाहमा पारदर्शिता, नागरिकको विश्वास अभिवृद्धि तथा उत्तरदायी स्थानीय शासन प्रवर्द्धन हुने अपेक्षा गरिएको छ।

आदरणीय सभाध्यक्ष महोदय,

एवं सभा सदस्यज्यूहरू,

अब म नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१५. आगामी आ.व. २०८३/०८४ का लागि नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रू. १ अर्ब १२ करोड २५ लाख ६४ हजार विनियोजन गरेकी छु ।

१६. आगामी आ.व. २०८३/०८४ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट रू. ३ करोड को राजश्व परिचालन हुने अनुमान गरेकी छु । त्यसै गरी संघीय समानीकरण अनुदान वापत रू. १४ करोड २ लाख, संघीय राजश्व बाँडफाँटबाट प्राप्त हुने आयबाट रू. ११ करोड ८२ लाख ७४ हजार, संघीय शसर्त अनुदान तर्फ रू. ६३ करोड ७६ लाख, संघीय विशेष अनुदान तर्फ रू. ८६ लाख, संघीय समपुरक अनुदान वापत रू. ६० लाख आय प्राप्त हुने अनुमान गरेकी छु ।

त्यसै गरी प्रदेश समानीकरण अनुदान बाट रू. १ करोड ३५ लाख ९३ हजार, प्रदेश राजश्व बाँडफाँटबाट प्राप्त हुने आयबाट रू. ३८ लाख ३८ हजार, प्रदेश शसर्त अनुदान तर्फ रु. ६ करोड ८१ लाख २९ हजार, प्रदेश विशेष अनुदानबाट रू. ६६ लाख ५० हजार र प्रदेश समपुरक अनुदान वापत रू. ८६ लाख १५ हजार आय प्राप्त हुने अनुमान गरेकी छु ।

त्यस्तै, स्थानीय राजश्व बाँडफाँटबाट प्राप्त हुने आयबाट रू. ३ करोड १० लाख ६५ हजार आय प्राप्त हुने अनुमान गरेकी छु ।

चालु आ.व.को अषाढ मसान्तसम्म खर्च नभई बचत हुने रकम रू.५ करोड रहने अनुमान गरेकी छु ।

१७. आगामी आ.व. २०८३/०८४ मा कुल बजेट विनियोजन रू. १ अर्ब १२ करोड २५ लाख ६४ हजार मध्ये चालु खर्च तर्फ रू. ४६ करोड २४ लाख ४१ हजार कुल विनियोजित बजेटको ४१ दशमलब २० प्रतिशत र पुँजीगत खर्च तर्फ रू. ६६ करोड १ लाख २३ हजार कुल विनियोजित बजेटको ५८ दशमलब ८० प्रतिशत हुने अनुमान गरेकी छु ।

१८. यस गाउँपालिका अर्न्तगत संघीय सरकारबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने भएकोले आगामी आर्थिक वर्षमा उक्त कार्यक्रमको स्रोत समावेश नगरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

आदरणीय सभाध्यक्ष महोदय,

एवं सभा सदस्यज्यूहरू,

१९. करका दरहरू समेत उल्लेख भएको आर्थिक विधेयक, २०८३ तथा खर्चलाई व्यवस्थित गर्न बनेको विनियोजन विधेयक, २०८३ स्वीकृतीको लागि यस सम्मानित सभामा पेश गरेकी छु ।

२०. आगामी आ.व. २०८३/०८४ का राजश्व नीतिः-

अब म आर्थिक वर्ष २०८३/०८४ का लागि राजश्व निति प्रस्तुत गर्न चाहन्छु।

- ❖ नेपालको संविधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार क्षेत्र भित्र रही कूल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गर्दै लैजाने गरी करको दरमा सामान्य परिवर्तन तथा करको दायराको व्यापक उपयोग गर्ने नीति लिएकी छु।
- ❖ आन्तरिक राजश्वका दायरा विस्तार गरी राजश्व चुहावट नियन्त्रण गर्न सम्पूर्ण वडा कार्यालयहरूमा अनिवार्य रूपमा स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा थप भएको राजश्व मोड्युल लागु गरीनियमित राजश्व संकलनगर्ने व्यवस्था मिलाईने छ।
- ❖ रोडा, ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर, विज्ञापन कर, मनोरञ्जन कर आदिको दर तथा दायरा विज्ञ समूहबाट अध्ययन गराई राजश्व संकलनलाई थप प्रभावकारी बनाईने छ ।
- ❖ गाउँपालिका क्षेत्र भित्रका व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यापार व्यवसायलाई करको दायरामा ल्याईने छ ।

- ❖ विद्यमान राजश्व नीति, कार्यक्रम, आर्थिक ऐन, करको दररेट, राजश्व सङ्कलन, राजश्व प्रशासन संस्थागत व्यवस्था, आय श्रोतहरूको सम्भावना र यथार्य सङ्कलनको फरक पहिचान, समीक्षा, विश्लेषण गरी सुधार गर्दै लगिने छ ।

२१. हामीले प्रस्तुत गरेका कार्यक्रम र बजेटबाट गाउँपालिकाबासीका आधारभुत आवश्यकताहरू परिपूर्ति गरी जीवनस्तर गुणात्मक सुधार हुँदै जाने, गाउँपालिकामा उपलब्ध सिमित स्रोत साधनको उच्चतम उपयोगबाट गाउँपालिकाबासीको आर्थिक उन्नतीमा टेवा पुग्ने र बञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समुदायहरूको विकासमा मुलप्रवाहीकरण भई समावेशीताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सबलीकरण हुने विश्वास लिएकी छु ।

आदरणीय सभाध्यक्ष महोदय,

एवं सभा सदस्यज्यूहरू,

२२. उल्लेखित बजेट कार्यान्वयनको लागि समग्र सहभागितात्मक पद्धतीबाट बस्ती, गाउँ, टोल हुँदै गाउँ कार्यपालिकाबाट तय भएका अनुसूचीमा उल्लेखित आयोजना तथा कार्यक्रम र विनियोजित बजेट माथि छलफल तथा स्वीकृतिको लागि अनुरोध गर्दछु ।

२३. अन्तमा, प्रस्तुत कार्यक्रम र बजेट तर्जुमाका क्रममा मार्गदर्शन गर्नु हुने गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजकज्यूहरू, वडा अध्यक्षज्यूहरू, गाउँ सभाका सदस्यज्यूहरू, गाउँपालिका कर्मचारीज्यूहरू, नागरिक समाजका व्यक्तित्वज्यूहरू, राजनितिक दलका प्रतिनिधिहरू, पत्रकारज्यूहरू तथा सम्पूर्ण जानकी गाउँपालिकाबासीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

हार्दिक धन्यवाद !

नमस्कार ! !

२०८३ साल असार ५ गते शुक्रबार ।

.....

लालमति देवी कठरिया

उपाध्यक्ष